# तानसेन नगरकार्यपालिकाको कार्यालय, तानसेन पाल्पाको
## रिडी मेला २०८२ सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ७ दिने सुचना
### दोश्रो पटक प्रकाशित मितिः २०८२।०९।०४

तानसेन नगरपालिकाको आन्तरिक आय तथा (ठेक्का वन्दोवस्त) सम्बन्धी कार्यविधि २०८० को परिच्छेद २ को दफा ३ बमोजिम तानसेन नगरपालिका वडा नं. १४ मा पर्ने हृषीकेश मन्दिर तथा कालीगण्डकी तटको निर्धारित क्षेत्र भित्र माघेसक्रान्ती मेला संचालन तथा व्यवस्थापन गर्न चाहने नगरपालिकामा सुचिकृत मु.अ.कर र आयकर दर्ताको प्रमाणपत्र प्राप्त इच्छुक संघ संस्था/फर्म/कम्पनीको लागि ७ दिनको म्याद राखि दोश्रो पटक यो सुचना प्रकाशन गरिएको छ । योग्य, इच्छुक संघ संस्था/फर्म/कम्पनीले निर्धारित समय भित्र रित पुर्वक बोलपत्र पेश गर्नु हुन अनुरोध छ ।

| आय ठेक्का नं. | ठेक्का विवरण | न्यूनतम ठेक्का अंक भ्याट बाहेक | फाराम दस्तुर | फाराम बिक्री हुने अन्तिम मिति र स्थान | फाराम पेश गर्नु पर्ने अन्तिम मिति, समय र स्थान | फाराम खोलिने मिति, समय र स्थान |
|---|---|---|---|---|---|---|
| ER/04/2083/83 | पाल्पा जिल्ला तर्फको रिडिखोला कालीगण्डकी तटमा माघेसक्रान्ति मेला २०८२ सञ्चालन तथा व्यवस्थापन | ६००००० छ लाख मात्र | १,००० | २०८२।०९।०९ गते कार्यालय समय भित्र तानसेन नगरपालिकाको कार्यालय | २०८२।०९।१० गते दिनको १२ बजे भित्र तानसेन नगरपालिकाको कार्यालय | २०८२।०९।१० गते दिनको २ बजे तानसेन नगरपालिकाको कार्यालय |

शर्तहरु:-

१. दरभाउपत्र खरिदका लागि यस कार्यालयको राष्ट्रिय बाणिज्य वैङ्क लिमिटेड पाल्पा शाखामा रहेको तानसेन नगरपालिका कार्यलय कोड नम्बर ८०१०५५००१ खाताको नामः TANSEN NA.PA.(GA-1-1)-AANTARIK RAJS खाता नम्बर ३०३०१००३०१०१०००४ मा राजस्व शीर्षक १४२२९ मा जम्मा गरी वा पालिकाबाट राजस्व जम्मा गरि फिर्ता नहुने गरी शिलवन्दी प्रस्ताव खरिद गर्नुपर्ने छ ।

२. फर्मको स्थायी लेखा नं प्रमाणपत्रको प्रतिलिपि, आर्थिक वर्ष २०८२/८३ को मान्य अवधि भएको नविकरण इजातजत पत्रको प्रतिलिपि, मुल्य अभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपि र आर्थिक वर्ष २०८१/८२ को करचुक्ता प्रमाणपत्र (म्याद थप) को प्रतिलिपि सहित शिलवन्दी दरभाउपत्र सहित पेश गर्नु पर्नेछ ।

३. दरभाउपत्र पेश गदां कानूनी रुपमा भाग लिन पाउने सहितको स्वयं घोषणा पत्र वा अधिकार प्रत्यायोजनको पत्र समावेश हुनु पर्नेछ ।

४. दरभाउपत्र प्रस्तावसाथ आफूले कबोल गरेको अकको ५ प्रतिशत रकम धरौटी वापत यस कार्यालयको राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड पाल्पा शाखामा रहेको धरौटी खाता नं ३०३०१००३०३००००४ GA3 मा जम्मा भएको सक्कलै भौचर पेश गर्नु पुर्नेछ ।

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

५. ठेक्का सम्बन्धी कुनै दस्तुर नेपाल सरकारलाई बुझाउनु परे ठेकेदार आफैले बुझाउनु पर्नेछ ।

६. दरभाउपत्र खोल्ने दिन दरभाउपत्र दाता वा प्रतिनिधि उपस्थित हुनुपर्नेछ, उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

७. ठेक्का बक्यौता भएका व्यक्तिले दरभाउ पत्र पेशगर्न पाउने छैन ।

८. मेला सञ्चालन गर्दा हृषीकेश मन्दिर प्रवेशद्वार वरिपरि रहेका कुनैपनि संरचनाहरु भत्काउन/नास गर्न पाइने छैन।

९. मेला सञ्चालन पश्चात रिडिखोला तथा कालीगण्डकी नदी तटको पूर्ण सरसफाई गर्नुपर्नेछ ।

१०. मेलामा हुने शान्ति सुरक्षा लगायत अन्य प्रशासनिक विद्युत, पानी, सरसफाई खर्चहरु ठेकेदार आफैले व्यहोर्नु पर्नेछ ।

११. ठेक्का वापतको रकम एकमुष्ठ अग्रीम बुझाउनु पर्नेछ ।

१२. मेला सञ्चालन दौरानमा हृषीकेश मन्दिर प्रवेशद्वार अगाडिको मैदानमा रहेका कुनैपनि संरचनाको टुटफुट हानी नोक्सानी भएमा त्यसको मर्मतको जिम्मेवारी बोलपत्रदाताको हुनेछ ।

१३. म्याद नाघि आएको दरभाउपत्रहरुलाई समावेश गरिने छैन ।

१४. ठेक्का स्वीकृत गर्ने नगर्ने अधिकार नगरपालिका कार्यालयमा सुरक्षित रहने छ ।

१५. उच्च जोखिम युक्त खेल संचालन गर्न, प्रचलित कानूनले निषेध गरिएका कार्य तथा गतिविधि गर्न पाइने छैन ।

१६. स्वीकृत ठेकेदारले आफूले कबोल गरेको ठेक्का अंक बराबरको रकम तानसेन नगरपालिका कायर्यालयमा आई नगदी रसिद काटी वा यस कार्यालयको राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड पाल्पा शाखामा रहेको तानसेन नगरपालिकाको TANSEN NA.PA.(GA-१-१)-AANTARIK RAJS खाता नम्बर ३०३०१००३०१०१०००४ मा खातामा जम्मा गरेको सक्कल रसिद वा भौचर पेश गरेपछि मात्र ठेक्का संचालनको इजाजत दिइने छ । सो नबुझाएमा ठेक्का धरौटी वापतको रकम जफत गरी ऐन नियम बमोजिम हुनेछ ।

१७. मेलामा उठाइने पार्किङ शुल्क यस नगपालिकाको आ.व. २०८२/८३ को नीति, कार्यक्रम तथा बजेटमा तोकेको दररेट बमोजिम तथा बहाल बिरौटी शुल्क अधिकतम रु.१२००० मात्र संकलन गर्न पाईने छ ।

१८. माथि उल्लेखित बाहेकका विषयमा प्रचलित कानून वा नगरपालिकाको निर्णय अनुसार हुने छ ।

१९. मेला अवधिमा स्थानीय कृषक/उद्धमीहरुबाट उत्पादित विभिन्न कृषि/पशुजन्य तथा अन्य उत्पादन प्रदर्शनीको रुपमा राख्ने भएमा त्यसको लागि आवश्यक स्थान/स्टल निःशुल्क उपलब्ध गराउनुपर्नेछ

प्रमुख प्रशासकीय अधिकृत

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner